नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण सिंहदरबार शाखा)

फोन नं. : ४२००३३९, ४२००३४२, ४२०
हटलाइन : ४२००३४५
फ्याक्स : ४२००४००
इमेल : navic@nvc.gov.np
वेबसाइट : www.nvc.gov.np
सिंहदरबार, काठमाडौं

गोप्य

प.सं. २०७५/७६

मितिः २०७५/४/४

च.नं.

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २ | ० | ७ | ० | ० | ० | ० | १ |

**अत्यन्त जरुरी**

विषय : सम्पत्ति विवरण बुझाउने र Online Software मा Data Entry गर्ने सम्बन्धमा ।

श्री प्रमुख प्रशासकिय अधिकृत/जिल्ला समन्वय अधिकारीज्यू

.......डुडुवा.......जिल्ला समन्वय समिति/महानगरपालिका/उप-महानगपालिका/नगरपालिका/गाउँपालिका

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्ने" कानूनी व्यवस्था छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० अनुसारः-

(१) सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण प्रचलित कानूनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम पेश भएको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहले अभिलेख राखी तीस दिनभित्र प्रदेश सरकार समक्ष पठाउनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम प्राप्त विवरणको संरक्षण तथा व्यवस्थापन प्रदेश सरकारले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) ले "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ती बिवरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ ।

तहाँ स्थानीय तहका जनप्रतिनिधी/पदाधिकारी/कर्मचारी (निजामती र स्थायी शिक्षक वाहेक) **(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० अनुसार)** समेतले आ.ब.२०७४।७५ को सम्पत्ति विवरण भर्ने/भराउने व्यवस्थाका लागि अनुरोध छ।

सम्पत्ति विवरण कस्ले कहाँ बुझाउने भन्ने सम्बन्धी व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७५।३।२० को नेपाल राजपत्रको सूचना र सम्पत्ति विवरणको बन्दीखामको बाहिर लेख्नु पर्ने ढाँचा यस केन्द्रको Website www.nvc.gov.np मा राखिएको छ ।

सम्पत्ति विवरणका सम्बन्धमा कुनै विषयमा बुझ्नु परेमा यस केन्द्रको सम्पत्ति विवरण शाखाको फोन नं. ०१-४२००४१२ मा बुझ्न सकिनेछ ।

**पुनश्चः Online Software (fpl.nvc.gov.np) मा Data Entry गर्ने Login र Password यसैसाथ पठाईएको छ ।(जिम्मेवार कर्मचारीलाई मात्र Login र Password संचालन गर्ने व्यवस्था मिलाउनु हुन)**

..........................
(डोलनाथ अर्याल)
उप सचिव

सम्पत्ति विवरण समयमा बुझाऔं दण्ड जरिवानाबाट बचौं ।

डुडुवा गाँउपालिका, बाँके
दर्ता नं....६२...........
मिति..२०७५।४।२३..

सम्पूर्ण पदाधिकारी प्रमुखहरु र कर्मचारीहरुलाई जानकारी गराई सम्पत्ति विवरण भाद्र २५ गते भित्र भर्न लगाउने । ०७५।४।२३